## नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः ८, फाल्गुण ३० गते, २०७९ साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

सिद्धलेक गाउँपालिका भित्र स्थायी रुपमा वसोवास गर्ने व्यक्तिलाई जटिल प्रकृतिका असाध्यरोग लागेमा गरिने आर्थिक सहयोग(पोषणयुक्त खाना तथा यातायात खर्चवापत) सम्वन्धी कार्यविधि, २०७९

**गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।११।२९**

सिद्धलेक गाउँपालिका

**प्रस्तावनाः**
यस सिद्धलेक गाउँपालिका भित्र रहेका स्थायी रुपमा वसोवास गर्ने आर्थिक अवस्था न्युन भएका व्यक्तिहरुलाई दिर्घ रोगको पहिचान गरी सोको जानकारी प्राप्त भएपछि गाउँपालिका बाट पोषणयुक्त खाना तथा यातायात खर्चको लागि न्युनतम दिर्घरोग (असाध्यरोग) को लागि गरिने आर्थिक सहयोग सम्वन्धी कार्यका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी सिद्धलेक गाउँपालिका गाउँकार्यपालिकाले देहायको कार्यविधि जारी गरेकोछ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम"असाध्य रोग आर्थिक सहायता कार्यविधि, २०७९" रहेको छ ।
(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-
(क) "गाउँपालिका " भन्नाले सिद्धलेक गाउँपालिका सम्झनुपर्छ
(ख) "संविधान"भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष"भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष"भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "कार्यपालिका"भन्नाले गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(छ) "गाउँसभा"भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ ।

(ज) "वडा कार्यालय"भन्नाले गाउँपालिकाका सवै ७ वटा वडालाई  जनाउँछ ।

(झ) स्वास्थ्य  शाखा भन्नाले गाउँपालिकाको स्वास्थ्य  शाखालाई जनाउछ ।

**३ नियमहरु**

नियम :३.१ असाध्य रोगहरु भन्नाले देहायका रोगहरुलाई जनाउदछ ।

(क) मुटुरोग ।
(ख) मृगौला सम्वन्धी रोग ।
(ग) क्यान्सर रोग ।
(घ) अल्जाईमर ।
(ङ) पार्किन्सन ।
(च) ब्रेन ट्युमर ।

नियम :३.२ माथिनियम १ माउल्लेखित रोगहरुका हकमा देहाय बमोजिम वढीमा आर्थिक सहायता प्रदान गरिनेछ ।

(क) मुटुरोग रु १० हजार देखी १५ हजार
(ख) मृगौला सम्वन्धी रोग १० हजार देखी १५ हजार
(ग) क्यान्सर रोग  १० हजार देखी १५ हजार
(घ) अल्जाईमर १० हजार देखी १५ हजार
(ङ) पार्किन्सन १० हजार देखी १५ हजार
(च) ब्रेन ट्युमर रु १० हजार देखी १५ हजार
(छ) अध्यक्ष ज्यु वाट उपयुक्त ठहर गरेको रोग रु १० हजार
(ज) अन्य चोटपटक,दुर्घटनाका लागि रु. ५० हजार
(झ) पदाधिकारीको दुर्घटना वापत कार्यपालिका निर्णयले रु.२ लाख र गाउँसभा निर्णय अनुसार रु ३ लाख ।

नियम :३.३ माथी उल्लेखित रोगहरुका अलावा नेपाल सरकारले पहिचान गरेका असाध्य रोगहरुको हकमा पनि लागू हुनेछ ।

नियम :३.४ आर्थिक सहायता प्राप्त गर्नका लागि अस्पातालले रोग निदान गरेको पत्र, सहित वडा कार्यालयको सिफारिस हुनुपर्ने छ ।

नियम :३. ५ माथि पहिचान नभएका तर असाध्य प्रकृतिका रोग जसले व्यक्तिको दैनिक जीवनमा प्रत्यक्ष असर पार्ने गाउँपालिकाका अध्यक्षलाई लागेमा गाउँ कार्यपालिका तथा गाउँसभाबाट अनुमोदन गर्नेगरी आर्थिक सहायता प्रदान गर्न सकिने । यसरी सहायता प्रदान गर्दा एक आर्थिक वर्षमा एक जना व्यक्तिलाई एक पटक भन्दा बढी गर्न सकिने छैन ।

नियम : ३.६ यो कार्यविधि २०७९।११।३०गते देखी लागु हुनेछ ।

**४ खारेजी र वचाउ**

यस कार्यविधिको खारेजी र संशोधन गर्ने अधिकार गाउँकार्यपालिकामा रहनेछ ।